# चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम ।

प.सं.- २०८१।०८२
च.नं -

कोशी प्रदेश, नेपाल

मिति - २०८१।०८।२४

सूचना प्रकाशित मिति - २०८१।०८।२४

विषय - तह वृद्धीको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा कोशी प्रदेश सरकारद्वारा जारी स्थानीय सरकारी सेवा ( गठन तथा सञ्चालन ) ऐन २०८० को दफा २७ को उपदफा ३ तथा चुलाचुली गाउँपालिकाको तहवृद्धी सम्बन्धी कार्यविधि २०८० बमोजिम योग्यता पुगेका यस गाउँपालिका र मातहतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुले सो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचना साथ जानकारी गराईन्छ ।

उम्मेद्वारले दरखास्त दिदा ध्यान दिनुपर्ने कुराहरु :-

१. चुलाचुली गाउँपालिकाको तहवृद्धी सम्बन्धी कार्यविधि, २०८० को अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

२. आवश्यक कागजातहरु

- पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फारम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,
- सेवा अवधि पुष्टी गर्ने नियुक्ति/बढुवा नियक्तिको प्रतिलिपि,
- समायोजन भई आएका कर्मचारीको हकमा स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,
- विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,
- जुन तहमा तहवृद्धी हुने हो सो तहभन्दा कम्तिमा एक तह मुनिको पदमा खुला प्रतियोगिताको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपिहरु,
- पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि,(आवश्यक हुनेको हकमा)
- समितिले तोकेका अन्य कागजातहरु,

३. कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुको हकमा समायोजन पूर्वको सेवा समूह समेत स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

द्रष्टव्य

१. मिति २०८१ साल पौष मसान्त सम्ममा ५ वर्ष सेवा अवधि पुरा हुने पाँचौ, सातौं र नवौं तहका कर्मचारीहरुले तहवृद्धीको लागी तोकिएको समयभित्र निवेदन दिइसक्नु पर्नेछ ।

२०८१/८/२४

दिल कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत